जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)–०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ३८ अंक २८ २०७६ साल माघ २६ गते आइतवार (9 Feb. 2020 Sunday) मूल्य रु. ७/-

२०७५ साल भदौ १ गते लागू भएको देवानी तथा फौजदारी संहितामा रहेका मुख्य व्यवस्थाहरु

- अपराध अनुसन्धान तथा अदालती काम कारबाहीमा कुनै व्यक्ति वा साक्षीलाई बुझ्न श्रव्य दृश्य सम्वाद (भिडियो कन्फरेन्स) को प्रयोग गर्न सकिने,
- समाचार पत्र वा विद्युतीय माध्यमबाट म्याद तामेल गर्न सकिने,
- अठार वर्ष उमेर नपुगेको बालबालिकालाई नाबालिग मानिने,
- झुट्टा उजुरी दिएमा सजाय हुने तथा क्षतिपूर्ति तिर्नु पर्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र* – पृष्ठ २ मा : जंगली हात्तिको समूहले आंतक ... पृष्ठ ३ मा : भ्रमण वर्षमा ध्यान ... पृष्ठ ४ मा : राजपाले जहिले चाहे ... पृष्ठ ५ मा : कोरोना भाइरसका कारण ...

# सडक दुर्घटनामा दैनिक सात जनाको ज्यान जान्छ : तथ्याङ्क



**राजविराज** / सडक दुर्घटनामा दैनिक सात जनाले ज्यान गुमाउनु परेको एक तथ्याङ्कले देखाएको छ ।

नेपाल यातायात स्वतन्त्र मजदुर संगठनको दोश्रो नगर अधिवेशन उद्घाटन समाहरोमा शनिबार प्रस्तुत प्रतिवेदनले सो तथ्याङ्कले देखाएको हो ।

नेपाल पत्रकार महासंघ सप्तरीको सभाकक्षमा आयोजित उद्घाटन समारोहमा राज्यमा बढ्दै गएको सवारी दुर्घट्नाको मुल कारण पत्ता लगाउनुको सट्टा सबै दोष चालक र यातायात मजदुर माथी नै थुपार्ने प्रबृती बढेको आरोप लगाइएको छ ।

राज्यले भएभरको सबै दोष चालकमाथी लगाएर आफु पन्छिने गरेको आरोप लगाउँने कार्यलाई समाधान गर्नेतर्फ उन्मूख हुनुपर्नेमा जोड दिइएको छ ।

लस्कार्यक्रमका प्रमुख अतिथी नेपाल यातायात स्वतन्त्र मजदुर संगठनका केन्द्रिय महासचिव नवराज घिमिरेद्वारा प्रस्तूत प्रतिवेदनमा मुलुकमा दैनिक सवारी दुर्घट्नामा सात जनाको ज्यान जाने गरेको उल्लेख गरे ।

उनले बढ्दो सवारी दुर्घट्ना प्रति चिन्ता ब्यक्त गर्दै राज्यले यसको मुल कारण पत्ता लगाउनुको सट्टा सवारी चालक र यातायात मजदुरलाई मात्र दोष लगाई पन्छिने गरेको गुनासो पोखे ।

अधिकांश दुर्घट्ना जिर्ण सडक, पुल र थोत्रा गाडीका कारण हुने गरेको तर चालक र यातायात मजदुरमाथी मात्र सबै दोष थुपार्ने र जेल पठाउने काम बढी हुन थालेको बताए । उनले श्रमिकहरुको हितमा सरकारले समाजिक सुरक्षा ऐन ल्याउन लागेकोमा प्रसंन्नता ब्यक्त गर्दै यसको प्रभावकारी कार्यान्वयन हुनु पर्नेमा जोड समेत दिए ।

'श्रमिकहरुको हितमा ल्याउन लागिएको समाजिक सुरक्षा ऐनको दुरुपयोग नहोस र कुनै पनि वहानामा नरोकियोस भन्ने तर्फ सरकार सचेत र सजग रहनु पर्छ उनको सुझाव थियो । कार्यक्रममा नेकपाका प्रदेश २ कमिटीका सदस्य महेश प्रसाद यादवले मुलुकको हरेक परिवर्तनमा अग्रणी भुमिका खेल्ने मजदुरको जिवनमा भने कुनै परिवर्तन आउन नसकेको बताए । एकातिर मजदुरको पेशागत हकहितका लागी राज्यको लगानी अति न्युन छ, अर्कोतिर मजदुरलाई समाजले पनि हेपाहा दुष्टिकोणले हेर्ने गरेको छ, उनले भने 'मजदुर प्रतिको हेर्ने दृष्टिकोणमा साकारात्मक परिवर्तन आउनु जरुरी छ, र उनीहरुको जिवनस्तरमा सुधार ल्याउन राज्यले जिवन विमा देखी श्रमको उचित मुल्याँकन हुने गरी पारिश्रमिक निर्धारण लगायतका विषेश कार्यक्रम ल्याउनु उतिकै जरुरी छ ।"

नगर कमिटीका अध्यक्ष भोला प्रसाद यादवको अध्यक्षतामा आयोजित उदघाटन समाहरोमा नेपाल स्वतन्त्र यातायात मजदुर संगठनका केन्द्रिय सल्लाहकार कमिटीका अध्यक्ष सुरेन्द्र साह, प्रदेश २ का अध्यक्ष रामदयाल चौधरी, प्रदेश २ कार्यालय सचिव मनोज कुमार झा, कानुन व्यवसायी दुर्गान्दन चौधरी, मजदुर नेता केदार देव, सिताराम ठाकुर लगायतले पनि बोल्दै मुलुकमा धेरै परिर्वतन भएपनि मजदुरहरुको अवस्था भने ज्युँका त्युँ रहेको भन्दै चिन्ता ब्यक्त गर्दै सडक सुशासन कायम गर्न र दुर्घट्ना न्युनिकरणमा भुमिका खेल्न सरोकारवाला सबै पक्ष सक्रिय हुनु पर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागि यातायात मजदुरलाई नेपाल यातायात स्वतन्त्र मजदुर संगठन केन्द्रिय समितीका पदाधिकारीहरुले दुर्घट्ना न्युनिकरणका लागी सवारी चलाउदा मोवाईल प्रयोग नगर्ने, मादक पर्दाथ सेवन नगर्ने, बालश्रम प्रयोग नगर्ने, तिब्र गतीमा गाडी नचलाउने लगायतका आठ बुँदे विषयमा प्रशिक्षण समेत दिएका थिए ।

# मजदुर संगठनमा पुनः भोला यादव



**राजविराज** / नेपाल यातायात स्वतन्त्र मजदुर संगठन नगर कमिटी राजविराजको अध्यक्ष पदमा पुनः भोला प्रसाद यादव निर्वाचित भएका छन् ।

शनिवार सम्पन्न दोश्रो नगरअधिवेशनबाट अगामी दुई वर्षे कार्यकालका लागी यादव सर्वसम्मतबाट निर्वाचित भएका हुन् ।

यस्तै नवगठीत समितीको उपाध्यक्षमा सुरेश यादव, सचिवमा जयराम यादव, सहसचिव विनय प्याकुरेल र कोषाध्यक्षमा ओम प्रकाश वर्मा सर्वसम्मत चयन भएका छन् ।

त्यस्तै सदस्यहरुमा अनिल राय, चन्दन नायक, संतोष मण्डल, विजयलाल कर्ण, निराजन चौधरी, प्रविण यादव, गुड्डु कर्ण, कमल दास, मो.मुस्तफा र दिनेश मण्डल निर्विरोध निर्वाचित भएको

*बाँकी अन्तिम पृष्ठमा*

बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि

गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज

फोन नं. : 031-522408/09




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
CITY EXPRESS
IME International Money Express
IME pay
himal remit हिमालरेमिट
CG Money
MoneyGram money transfer

## सम्पादकीय

### बचत गर्ने बानी बस्दै

आर्थिक दृष्टिकोणले अत्यन्त कमजोर हुँदै गएको सप्तरी जिल्लामा व्यापार विस्तारै फस्टाउन खोजेको छ। सर्वसाधारणलाई बचत गराउने उद्देश्यले नीजि क्षेत्रबाट बिभिन्न वित्तीय संस्थाहरु खुलिरहेका छन् । त्यस्तै बन्द भएका सानातिना उद्योगहरु संचालन हुन थालेका छन् । यसले आर्थिक क्षेत्रमा टेवा पुग्ने विश्वास गर्न सकिन्छ । बचत गराउनका लागि बानी बसाल्न लगाउनु ठीक हो । यस्तो जरुरी पनि छ । प्रतिस्पर्धाको युगमा एकले अर्काको दाँजोमा आकर्षक व्याज दर दिने प्रलोभनमा धमाधम बित्तिय कार्यालयहरु खोल्नु सवल पक्ष हो । आकर्षक व्याज दिने लोभ देखाउनु प्रतिस्पर्धात्मक युगका लागि राम्रो भएपनि रकम लिएर बन्द गर्नुभन्दा त्यसलाई कसरी सवल बनाउँदै लग्ने त्यसतर्फ सबैलाई सकृयता देखाउनु जरुरी छ ।

बर्तमान अवस्थामा बित्तिय संस्था खुल्दै जानु सुःखद पक्ष हो । यसले मुलुकको अर्थतन्त्रलाई मजबुत बनाउनुका साथै व्यक्तिलाई पनि राम्रो अवस्थामा पुर्‍याउन सक्छ । सर्वसाधारण जनता विश्वासमा परेर रकम जम्मा गर्छन् । जनताको मन जित्न सफल भएका संस्थाहरुको अवस्थालाई हेर्ने हो भने धेरै नै मजबुत छ । त्यस्ता संस्थाहरुले सानो समयमा धेरै आम्दानी कमाएका छन् । बित्तिय संस्था खोलेर मात्र हुँदैन् । यसको व्यवस्थापन सुदृढ हुनु आवश्यक हुन्छ । व्यापार, व्यवसाय फस्टाउनैकै नाममा श्रमशोषण पनि गर्नुहुन्न ।

तसर्थ उचित पारिश्रमिक कामदार तथा कर्मचारीलाई दिनु जरुरी हुन्छ । अन्यथा काम गर्न समस्या हुने र उद्योग, व्यवसायमा समेत असर पर्न सक्ने भएकाले यसतर्फ सबैले ध्यान पुर्‍याऔं ।

# जंगली हात्तिको समूहले आंतक मच्याउँदै स्थानिय राती जाग्रम बस्न बाध्य



**राजबिराज**/सप्तरीको पूर्वी भेगमा जंगली हात्तिको समूहले बारम्बार आंतक मच्याउने काम गरिरहँदा त्यस क्षेत्रका जनता निकै त्रसित बनेका छन् । हात्ती आतंक बढेपछि त्यस क्षेत्रका बासिन्दाहरु रातीको समयमा जाग्रम समेत बस्न बाध्य छन् ।

कोशी टप्पु वन्यजन्तु आरक्षबाट आउने गरेको जंगली हात्तिको आंतकले सो भेगमा लाखौंका धनमालको क्षति गरेको छ ।

पछिल्लो पटक सोमबार बिहान सप्तरीको कंचनरुप नगरपालिका ९ रुपनगरका श्याम यादव र मुक्तिलाल यादवको घरमा रहेको धान ८ मन, चिउरा ५० किलो, चामल १०० किलो, गँहु ३ मन गरि २५ हजार बराबरको क्षति गरेको प्रहरीले जनाएको छ ।

यस्तै गत शनिबार राति र आईतबार बिहान आएको हात्तीको समूहले कंचनरुप नगरपालिका वडा नं. १२ का जगत बहादुर केसीको घर तथा पूर्व मन्त्री समेत रहेका हेमराज तातेडको खेतमा लगाइएको अन्नपातमा क्षति पुर्‍याएको छ ।

पूर्व मन्त्री तातेड्ले कंचनरुप नगरपालिका वडा नम्बर १२ धरमपुरस्थित खेतमा लगाएको आलुबाली, गहुबालिमा हात्तिले क्षती पुर्‍याएको छ भने बिभिन्न बाली खाएर नष्ट गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

चार/पाँच वटा आएको हात्तिको समूहले कंचनरुप नगरपालिका वडा नम्बर १२ कलौनी बस्ने ७५ बर्षीय जगत बहादुर केसीको आँगनमा लगाइएको बार भत्काएर ५० हजार बराबरको क्षति गरेको छ । हात्तीले उनको आँगनमा राखिएको ५० मन धान, एक मन मकै खाएका छन् ।

खासगरी रातिको समयमा आउने हात्तीको समूहले घर भत्काइदिने, अन्नबाली नष्ट गर्नेदेखि व्यक्तिमाथि आक्रमण समेत गर्दै आएका छन् । जिल्लाको कंचनरुपसहित सप्तकोशी नगरपालिका, अग्निसाइर कृष्णासावरण, रुपनी गाउँपालिका, खडक गाउँपालिका र हनुमाननगर कंकालनी नगरपालिकाको पूर्वी भेगमा हात्तीले आंतक को मच्याउँदै आएको छ ।

# कुनै देशले नेपाललाई सहयोग गर्न चाहन्छन् भने त्यो स्वीकार गर्नुपर्छ : अध्यक्ष साह

**राजविराज**/नेपाली जनता दलका अध्यक्ष हरिचरण साहले यदी कुनै देशले नेपाललाई सहयोग गर्न चाहन्छन् भने त्यो स्वीकार गर्नुपर्ने बताएका छन् ।

पार्टीको कार्यक्रममा सहभागि हुने सप्तरी आईपुगेका अध्यक्ष साहले सञ्चारकर्मीसँग कुरा गर्दै नेपालको हितमा हुने गरि एमसीसीलाई पारित गरेर बिदेशी सहयोग लिनुपर्ने धारणा राखे ।

उनले भने, "नेपालको हितमा हुने गरि अमेरिकाको मिलेनियम च्यालेन्ज कार्पोरेशन (एमसीसी)लाई पारित गर्नुपर्छ, कुनै देशले यदि नेपाललाई सहयोग गर्न चाहन्छन् भन्ने हामीले सहयोग दिनुपर्छ ।" उनले भने, ''तर त्यो सहयोग गर्ने नाममा नेपालभित्र छिरेर अशान्त मच्चाउन र देशलाई द्वन्द्व तर्फ धकेल्न नियतबाट आएको हो भन्ने त्यसलाई अस्वीकार पनि गर्नुपर्छ ।"

एमसीसी नेपालको हितमा छ वा छैन् भनेर सबै दलले सोच्नुपर्नेमा जोड दिर्दै नेपालले सबै देशसँग मित्रवत सम्बन्ध राख्नुपर्नेमा जोड समेत दिए ।

## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।

२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।

३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।

४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।

५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।

६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।

७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।

८. किराना पसल सञ्चालकहरूले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।

९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।

१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# भ्रमण वर्षमा ध्यान दिनुपर्ने विषयहरु



बेचन कुमार महतो

## १. पृष्ठभूमि

व्यापार, मनोरञ्जन वा रमाइलोका लागि गरिने यात्रालाई पर्यटन भनिन्छ। विश्व पर्यटन सङ्गठनको परिभाषा अनुसार पर्यटकले "आफ्नो सामान्य परिवृत्ति बाहिर, चौबीस (२४) घण्टा भन्दा बढी तर एक क्रमागत वर्षभन्दा कम समय, मनोरञ्जन, व्यापार र त्यस ठाउँमा आयश्रोत हुने क्रियाकलाप बाहेक अरू उद्देश्यका लागि यात्रा गरि बस्ने" मान्छेलाई जनाउँछ। विश्व समाजमा पर्यटन एक लोकप्रिय फुर्सदको मनोरञ्जनात्मक क्रियाकलाप भएको छ। अर्थशास्त्रमा एउटा भनाइ छ, व्यक्ति (धनी) हरूले जति बढी आर्जन गर्छन त्यति नै उनीहरूमा फाल्तु कुरामा खर्च गर्ने गर्ने प्रवृति बढेर जान्छ। यो नाकारात्मक भनाइलाई सकारात्मक किसिमले लिने हो भने धनीहरूको पैसा गरिबहरूसम्म पुर्याउन, रोजगारी श्रृजना गर्न एवं राष्ट्रिय आय वितरणलाई सन्तुलित तुल्याउन पर्यटनको भूमिका महत्वपूर्ण हुन्छ। यसैगरी, स्थानीय स्रोतहरूको विकास एवं संरक्षण गर्न पर्यटनको भूमिका अग्रणी हुन्छ। पैसावालहरूले मनोरञ्जन, लुगाफाटो, अन्य किनमेल, घुमफिर (पर्यटन) मा खर्च गर्छन। नेपालको सन्दर्भमा यो भनाइ पूर्णतया लागू हुन नसक्ला। नेपाल वा दक्षिण एशिया क्षेत्रमा पैसा भनेको जसरी पनि जोगाउनु पर्ने र खर्च गर्नु मूर्खता हुने भन्ने धारणा व्याप्त रहेको छ। त्यसैकारण यस क्षेत्रमा व्यापारको राम्रो विकास हुन नसकेको हो। तर विकसित देशहरूमा पैसाको जन्म नै खर्च गर्नका लागि भएको भन्ने धारणा व्याप्त रहेकोले यी मुलुकहरूमा व्यापारको पर्याप्त विकास हुन सकेको हो। तर अव नेपालमा पनि हुनेले पैसा खर्च गर्नु पर्छ भन्ने धारणाको विकास हुन थालेकोले नेपालीहरूले आफूसँग रहेको बचत मनोरञ्जन, किनमेल, घुमफिरमा खर्च गर्न थालेका छन। भ्रमण वर्ष २०२० ले यस किसिमको परिस्थिति विकासका साथै नेपालमा पनि आन्तरिक एवं वाह्य पर्यटनको विकासको लागि थप औसरहरू सृजना भएको छ।

पर्यटन बजारीकरणको शिलशिलामा काठमाडौमा ठूला ठूला होटल एवं पर्यटकीय गन्तव्यहरूको विकास भए। तर काठमाडौको तुलनामा अन्य नेपाली शहरहरूमा पर्यटनको विकास शून्य वराबर रह्यो। पर्यटन विकासको लागि ठूलो पूर्वाधार हुँदा हुँदै पनि तराइका सर्वाधिक महत्वपूर्ण पर्यटकीय स्थल 'जनकपुरधाम' र 'सिम्रौनगढ' सदा ओझेलमा रहे। आज प्रदेश सरकारको उपस्थिति रहेको छ तर पनि पर्यटन वजारीकरण प्रायः शुन्य जस्तो छ प्रदेश नं. २ मा। प्रश्न उठ्दछ : किन ? स्थानीयको सक्रियता पुगेन वा स्थानिय वा प्रदेश एवं केन्द्र सरकारको? जे होस, तराइका शहरहरूमा पर्यटनको प्रयाप्त विकास हुन सकेन।

## २. पर्यटन बजारीकरण :

### २.१ स्थानीय आय वृद्धि

पर्यटनमा देश भित्र कै अनेक स्थानहरूमा पर्यटकहरू मनोरञ्जनात्मक एवं अन्य उद्देश्यका साथ भ्रमणका लागि पुग्छन। यसरी उनीहरू भ्रमणका लागि विभिन्न स्थानहरूमा पुग्दा उनीहरूले यातायातका साधन, होटल, रेष्टुरेन्ट, पसल, सिनेमा हल आदिको प्रयोग (माग) गर्छन। यी सुविधाहरू स्थानीयले पर्यटकहरूलाई उपलब्ध गराउँदा विभिन्न किसिमका कार्यहरू गर्नुपर्छ र यसरी विभिन्न किसिमक कार्यहरू गर्दा स्वतः रोजगारी सृजना हुन्छ। स्थानीयको हातमा पैसा पर्ने अवसर सृजना हुन्छ। विभिन्न स्थानका व्यक्तिहरू विभिन्न स्थानहरूमा पुग्ने र खर्च गर्ने हुनाले विभिन्न व्यक्तिहरूको हातमा पैसा पर्न गएर वा आम्दानीको औसर सृजना भएर राष्ट्रिय आय वितरण कार्य प्रभावकारी हुन पुग्छ वा सन्तुलनतिर अग्रसर हुन्छ।

### २.२पर्यटकीय स्थलहरूको विकास:

प्रकृतिले दिएको रमणीय स्थल, धार्मिक स्थल, ऐतिहासिक स्थल, प्रचीन संस्कृति आदि आदि पर्यटकको लागि गन्तव्य हुन सक्छन नै, साथै थप पुर्वाधारहरूको विकास गरेर तथा आवश्यक सुविधाहरूको जडान गरेर पर्यटकको गन्तव्य बनाउन सकिन्छ। प्रदेश नं. २ मा पनि पर्यटनका लागि विभिन्न गन्तव्यहरू बनाउने सन्दर्भमा जिल्ला स्थित निम्न वमोजिमका प्राकृतिक, ऐतिहासिक र धार्मिक क्षेत्रहरूमा पुर्वाधार विकास गरी जिल्लाको जीवनशैली वा परिचयलाई नै पनि पर्यटकको लागि गन्तव्य बनाउन सकिन्छ। यस्तो गरेर स्थानीयहरूको लागि रोजगारी सृजना गर्न सकिन्छ। आय वृद्धि गर्न सकिन्छ।

## ३. दिगो विकासको लागी पर्यटन भ्रमण वर्ष :

पर्यटनको प्रवर्द्धन गर्न र यस क्षेत्रको विकास गर्ने उद्देश्यले नेपालले सन् १९९८ मा 'अ वर्ल्ड अफ इट्स वन' भन्ने नारा सहित भ्रमण वर्ष मनाएको थियो। पर्यटन बोर्ड पनि सोही समयदेखि सञ्चालनमा आएको हो। 'माउन्ट एभरेस्ट एन्ड मोर एक्सपिरेन्स इन नेपाल' लाई मार्केटिङ स्लोगानका रूपमा प्रयोग पनि गरिएको थियो। सन् २०११ मा 'टुगेदर फर टुरिजम' भन्ने स्लोगन थियो। सन् २००५ मा 'नेचुरल्ली नेपाल वान्स इज नट इन अफ' भन्ने स्लोगान प्रयोग गरिएको थियो। यस्तो पर्यटकीय नाराको एउटै उद्देश्य भनेको पर्यटक आकर्षित गर्ने र नेपालले पर्यटनको मार्केटिङ गर्ने आधार बनाएको थियो। नेपाल माउन्टेनको गन्तव्य र एड्भेन्चरस गतिविधिको क्षेत्र हो भनेर हामीले चिनाएका छौं। यसको इमेज नेपालको पर्यटनमा लामो समयसम्म रहि नै रहेको छ। पछिल्ला दिनमा संसारभर नै कम्फोर्ट र लक्जरी खोज्दै हिँड्ने पर्यटकहरू नयाँ अनुभव खोज्दै हिँड्न थालेका छन्। त्यसपछि हामीले पनि हाम्रो पर्यटन हिमाल र साहसिक क्षेत्रमा मात्रै सीमित नराखेर हाम्रा पर्यटनका विशेषतालाई सम्पदा, धार्मिकस्थल, चाडपर्व, रहनसहन, ग्रामिण पर्यटन सहितमा प्रचार गर्न थालेका छौं। हामीकहाँ पर्यटनमा विविधता छ। हाम्रो पर्यटकीय विविधतालाई एउटै ढंगले मार्केटिङ गर्न धेरै गाह्रो पनि छ।

भ्रमण वर्ष २०२० का लागि नेपाल घुम्नु भनेको 'लाइफ टाइम एक्सपिरेन्स' हो भन्ने थिम अघि सारिएको छ। विभिन्न निजी क्षेत्र र परामर्शदातासँगको संयुक्त सहकार्यमा हामी भ्रमण वर्ष मनाउँदै छौ। विगत लामो समयदेखि पर्यटकमा रहेको नेपाल प्रतिको दृष्टिलाई थप परिष्कृत गर्न अबको अभियान महत्वपूर्ण सावित हुनेछ। 'भिजिट नेपाल-२०२०' मा २० लाख पर्यटकको लक्ष्य पुर्याउन पूर्वाधार निर्माण द्रुतगतिमा सम्पन्न गर्न आवश्यक छ। सडक र हवाई मार्गमा सहज पहुँचको निर्माणमा जोड दिनु आवश्यक छ। पर्यटन प्रवर्धनको लावी नयाँ प्रविधिको प्रयोग गर्दै नयाँ ढंगले अन्तर्राष्ट्रिय जगतमा नेपालको प्रचार गर्न जरूरी छ। चाईना र भारतको बोर्डरबाट पर्यटक भित्रयाउने अभियान सुरू गर्नु आवश्यक छ। सरकारले राष्ट्रिय प्याकेज घोषणा गर्न पनि आवश्यक छ, जसमा हिमाल, पहाड, तराईमा कस्तो कस्तो प्याकेज दिने, प्रादेशिक प्याकेज के हुने ? होटलहरूले के दिने, अन्य टुर एन्ड ट्राभलको प्याकेज बनाएर प्रचार गर्न जरूरी छ। किनभने अहिले विश्वभरि नै यस्ता प्रवर्द्धनका कार्यक्रमहरूमा प्याकेज कस्तो छ भनेर गुगलमा सर्च हुने गरेको छ। नेपालले पनि धेरै प्याकेज दिएर ब्रान्डिङ गर्न सके धेरै नै सहयोग पुग्नेछ।

## ४. दिगो पर्यटनको विकास

विश्व पर्यटन संगठनले पर्यटनलाई दिगो विकासका लक्ष्य (सन् २०१६-२०३०) पूरा गर्ने महत्वपूर्ण औजारका रूपमा स्विकार्दै पर्यटनसम्बन्धी विश्वव्यापी मूल्य-मान्यताको विकास गर्दै आएको छ। संगठनको अगुवाइमा फ्रान्स, मोरक्को र दक्षिण कोरिया सरकारको सह-अगुवाइमा सन् २०१४ मा दिगो पर्यटन र पर्या-पर्यटनको अवधारणा आएको थियो। यसको मुख्य उद्देश्य विश्वव्यापी रूपमा पर्यटन क्षेत्रको दिगो र भरपर्दो उपयोग, किफायती पर्यटकीय सेवा, गुणस्तरीय पर्यटकीय वस्तुको उत्पादन गर्दै वातावरणीय, सामाजिक निर्यातहरूमा बढोत्तरीका साथै आर्थिक कार्यक्षमतामा समेत वृद्धि ल्याउने थियो। वास्तवमा दिगो पर्यटनको चर्चा सन् ८० को दशकमा आएको दिगो विकासको अवधारणाले ल्याएको हो। दिगो पर्यटनलाई पर्या-पर्यटन, प्रकृतिमैत्री पर्यटन, हरित पर्यटन तथा सांस्कृतिक पर्यटनको अवधारणासँग पनि जोडेर हेर्ने गरिन्छ। दिगो पर्यटनले पर्यटकीय क्रियाकलापमा स्थानीय बासिन्दाहरूको अर्थपूर्ण सहभागिता, प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदाहरूको जगेर्ना गर्दै पर्यटकको सम्मान र सुरक्षा प्रदान गर्नेतर्फ जोड दिन्छ। दिगो विकासका लक्ष्यहरू सन् २०३० सम्ममा प्राप्त गर्नेतर्फ अहिले विश्व समुदाय लागिपरेको छ। विश्व पर्यटन संगठनले सन् २०१७ लाई 'विकासका लागि दिगो पर्यटन' अन्तराष्ट्रिय वर्षका रूपमा मनाएको थियो। सोही अनुरूप नेपालले पनि 'भिजिट नेपाल-२०२०' मनाउन लागेको हो।

### ४.१ नेपालको अवस्था

नेपालको पर्यटन विकासक्रमले औपचारिक गति सन् १९५० मा प्रजातन्त्रको स्थापनापश्चात् लिएको थियो। सन् २००९ देखि २०१८ सम्मको तथ्यांक विश्लेषण गर्दा निम्न वमोजिम देखिन्छ।

हाल पर्यटन क्षेत्रले करिब १ लाख ५० हजारलाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ। जैविक विविधताको दृष्टिकोणले विश्वमा २५ औं स्थान र एसियामा ११ औं स्थानमा पर्ने नेपालका लागि यी आँकडा सन्तोषजनक मान्न सकिँदैन। भूकम्प, अघोषित नाकाबन्दी, राजनीतिक अस्थिरतालगायतका कारणले उक्त ह्रास आएको हो।

### ४.२ धार्मिक पर्यटन नै मुख्य प्रादेशिक पर्यटन

जबसम्म मानिसको हृदयमा धार्मिक भावनाले ठाउँ लिँदैन तबसम्म संसारमा सत्यताले जरो गाड्न सक्दैन। तसर्थ धार्मिक भावना सबैको हृदय र मन मस्तिष्कमा हुनु अत्यन्त आवश्यक छ। यही प्रेरणा र चाहना बोके मानिस धार्मिक तीर्थयात्रीको रूपमा विभिन्न मन्दिरहरूको स्थलमा देव दर्शन गर्न जाने गर्दछन्। हाम्रो हिन्दू धर्म शास्त्रले पनि भनेको छ। अन्य क्षेत्र कृतम पापम तीर्थ क्षेत्र विनस्यन्ति, तीर्थ क्षेत्र कृतम पापम् वज्र लेप भविष्यमन्ति। अर्थात आम क्षेत्रमा गरिएको पाप तीर्थ क्षेत्रमा नाश हुन्छ र तीर्थ क्षेत्रमा गरेको पाप वज्रलेप भएर रहन्छ। तसर्थ जानी नजानी पनि भएका पापहरू तीर्थ क्षेत्रमा देव दर्शन गर्न मन्दिरमा गएपछि नाश हुन्छ भन्ने धारणाले पनि धार्मिक तीर्थयात्रीको रूपमा मानिसहरू तीर्थस्थलमा आउने जाने गर्दछन्। तीर्थस्थलबाट पवित्र जीवन र ज्ञानयुक्त जीवन प्राप्त हुन्छ। तीर्थबाट धर्म र मोक्ष प्राप्त हुन्छ भन्ने कुरा हाम्रो शास्त्रले पनि वर्णन गरेको छ। तसर्थ जीवनको लक्ष्य, धर्म र मोक्ष प्राप्तिको लागि तीर्थ गर्नुपर्दछ भन्ने धारणा रहेको छ। यही आन्तरिक लक्ष्यलाई कायम राख्ने धार्मिक पर्यटन र विकासको संरक्षण र संवर्द्धन गर्न ठूलो सहयोग पुग्न गएको छ। यहाँ हरेक वर्ष विदेशी धार्मिक पर्यटकहरू दर्शनको साथै वास्तु, विहार, चैत्य मन्दिरको अवलोकन गर्ने खोजी गरी नयाँ कुरा, वस्तुहरू पत्ता लगाउने क्रममा पनि आउने गर्दछन्। यसरी धार्मिक पर्यटन नेपालमा फस्टाएको पाईन्छ।

यो पर्यटन कार्यले अर्को पक्षलाई सबल बनाउन सफल भएको छ। त्यो हो नेपालको अर्थ व्यवस्था हरेक वर्ष पर्यटकहरूको नेपाल आउने क्रममा वृद्धि हुनुको खास कारण यहाँका सुन्दर शान्त र पवित्र वातावरण, मन्दिरका विभिन्न सुन्दर शैलीहरू, सुन्दर मूर्तिहरू, यहाँको अनौठो जातियता, रहनसहन, भेषभूषा, बाजागाजा, संगीत जस्ता विशिष्ट किसिमका संगीत,संस्कृति, धार्मिक क्रियाकलाप आदिले निकै प्रभाव पारेको छ।

### ४.३ पर्यटन विकास र चुनौती

विदेशी मुद्रा आर्जन गर्ने भरपर्दो सेवाजन्य उद्योगका रूपमा विगत लामो समयदेखि पर्यटनक्षेत्रले छाप बनाएको छ। विदेशी मुद्रा आर्जन र रोजगारीको सिर्जनाका हिसाबले पर्यटन क्षेत्रको योगदान उल्लेख्य रही आएको छ। सहरदेखि दूरदराजका बस्तीसम्म पर्यटन र पर्यटकीय वातावरण विस्तार हुन सकेमा पर्यटन उद्योगलाई आर्थिक सवलीकरण तथा रोजगारीको भरपर्दो व्यवसायको रूपमा विकास गर्न सकिन्छ। तर हाम्रा अगाडि गुणस्तरीय पर्यटन प्रवर्द्धनका थप चुनौतीहरू छन्। यी चुनौतीको सामना गर्न अन्तर्राष्ट्रिय बजारीकरण सञ्जाल तथा व्यावसायिक प्रवर्द्धनको क्षमता र कार्य कुशलताले मात्रै सकिन्छ।

सरकारले २० लाख पर्यटक भित्रयाउने केही महत्वाकांक्षी कार्यक्रमका साथ नेपाल भ्रमण वर्ष २०२० ल्याएको छ। यो लक्ष्य पूरा गर्ने सन्दर्भमा निकै काम गर्नुपर्ने देखिन्छः।

(क) सामुहिक प्रतिवद्धता र जिम्मेवारी बोधः किनकी नेपालमा प्रतिवर्ष पर्यटनको आवागमनको प्रवृत्तिलाई हेरेको खण्डमा गत वर्ष १० लाखको हाराहारीमा पर्यटक नेपाल भित्रिएको तथ्यांकले देखाउँछ।

(ख) नवीन पर्यटकीय सेवाका कार्यक्रमहरूको तत्काल कार्यान्वयन

(ग) प्रभावकारी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रचारप्रसार

(घ) प्रदेश तथा स्थानीय तहसँगको साझेदारीमा आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन

(ङ) 'सबै समय सबै याम पर्यटन सेवा' भन्ने मान्यता अनुसार पर्यटन प्रवर्द्धन

(च) दिगो र गुणस्तरीय पर्यटन प्रवर्द्धनको सन्देश

(छ) विमानस्थलहरूको प्राविधिक तथा भौतिक स्तरोन्नति गरी भरपर्दो तथा सुरक्षित विमानसेवा

(ज) होटल तथा रिसोर्टहरूको स्तरोन्नति र गुणस्तरीय सेवा

(झ) घरबास ग्रामीण पर्यटनको विकास र विस्तार

(ञ) आकर्षक भ्रमण प्याकेज

### ४.४ दिगो पर्यटन विकास र स्थानीयकरण

दिगो पर्यटन विकासको स्थानीयकरण भनेको विश्वव्यापी सन्दर्भमा तय भएका दिगो विकास लक्ष्य अन्तर्गत परिमाणात्मक लक्ष्य र सूचकहरूलाई स्थानीय स्रोत र साधनअनुसार उपयुक्त ढङ्गबाट परिमार्जन गर्दै पर्यटन प्रवर्धन सम्वन्धी स्थानीय योजना बनाउँदा तिनीहरूको आन्तरिकीकरण तथा अन्तरघुलन कायम गराइ कार्यान्वयनमा ल्याउनु हो।

#### ४.४.१ दिगो पर्यटन विकासको स्थानीयकरण के का लागि?

१. दिगो पर्यटन विकासको अवधारणा र कार्यान्वयनमा स्पष्टता तथा एकरूपता ल्याउन।

२. दिगो पर्यटन विकासमा सरोकारवालाहरूको सहभागिता तथा योगदान सुनिश्चित गर्न।

३. स्थानीय स्रोत र साधनको सदुपयोग गर्दे थप पर्यटकिय सम्भाव्यताको खोजी गर्न।

४. पर्यटन बजारीकरणमा स्थानीय सीप र जनशक्तिको सदुपयोग गर्न।

५. स्थानीय सरकारको आर्थिक तथा प्रशासनिक रणनीति, बजेट तथा कार्यक्रममा दिगो पर्यटन विकासका आयामहरू स्पष्ट ढङ्गले समेट्न।

६. दिगो पर्यटन विकासका लागि एकीकृत कार्यगत रणनीतिक योजना र आन्तरिकीकरण गर्न।

७. स्थानीय जन-प्रतिनिधिको इच्छाशक्तिमा थप अभिवृद्धि गर्दे दिगो पर्यटन विकास हासिलका लागि अपनत्व महसुस गर्दै अघि बढ्ने वातावरण सृजना गर्न।

#### ४.४.२ पर्यटन वजारीकरण मार्फत दिगो विकास लक्ष्य स्थानीयकरणमा अवसरहरू

१. स्थानीयहरूको जीवनस्तर माथि उकास्ने महत्वपूर्ण औजार।

२. सबै खालका विभेदको अन्त्य गरी सम्मानजक बाँच्न पाउने वातावरण सृजना गर्ने आधार।

३. क्षमता अभिवृद्धि तथा सामाजिक रूपान्तरणको माध्यम।

४. ज्ञान, शिपर रचनात्मक गतिविधिमा प्रोत्साहन।

५. राज्यका सबै तहहरू बिच आपसी समझदारी र पारस्परिकतामा वृद्धि।

६. कसैलाई पनि पछाडि नछोड्ने मुलमन्त्रको सदुपयोग।

७. स्थानीय समृद्धिलाई विश्वव्यापीकरण गर्ने अवसर।

८. नागरिकका मौलिकहकहरूको कार्यान्वयनमा सहयोगी।

९. परम्परागत, सीप, कला संस्कृतिको पुस्तान्तरणमा सहयोग।

१० स्थानीय सीप र स्रोत साधनको सदुपयोगको अवसर।

## ५. निष्कर्ष

नयाँ पर्यटकीय गन्तव्यहरूको खोजी र विश्वव्यापी प्रचारप्रसार, ब्रान्डिङ विकास, पर्यटन प्रवर्द्धनमा आधुनिक सञ्चार प्रविधिको उच्चतम प्रयोग, ऊर्जा संकटको न्यूनीकरण, दक्ष जनशक्तिको विकास, किफायती र भरपर्दो हवाई सञ्जालको व्यवस्था, अन अराइभल भिसा सुविधा, पर्यटन पूर्वाधार विकासमा वातावरणीय पक्षको ध्यानजस्ता पक्षहरूले समग्र पर्यटन व्यवस्थापनमा सर्वाधिक महत्व राख्छन्।

यद्यपि नेपालको कमजोर आर्थिक कूटनीति, दक्ष जनशक्तिको अभाव, द्वन्द्वकाल र भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक संरचनाहरूको पुनर्निर्माणमा ढिलाइ, पर्यटन पूर्वाधार निर्माणमा संलग्न निकायबीच तालमेलको कमी, बन्द-हड्ताल र बढ्दो प्रदूषणजस्ता चुनौती हाम्रो पर्यटन क्षेत्रमा विद्यमान छन्।

जलवायु परिवर्तन, खाद्यसुरक्षा प्रणाली र दिगो विकासका लक्ष्य हाल विश्वमा चर्चामा छाएका विषयहरू हुन। यी तीनवटै विषयसँग दिगो पर्यटनको अवधारणाले पनि सामीप्य राख्छ। जसरी खाडी मुलुकले मरूभूमि पर्यटन र तटीय मुलुकहरूले सामुद्रिक पर्यटनको विकासलाई अघि ल्याएका छन् त्यसैगरी प्रदेश नं. २ ले उपलब्ध स्रोत, साधन, सीप र पर्यटकीय गन्तव्यहरूको समुचित प्रयोग गर्दै धार्मिक पर्यटन व्यवस्थापनमा जोड दिनुपर्छ।

पर्यटन भ्रमण वर्ष, २०२० लाई एक अवसर मानी प्रदेश भित्रका धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं प्राकृतिक सम्पदाहरूको दिगो उपयोग गर्दै पर्यटकीय क्रियाकलापबाट प्रादेशिक एवं राष्ट्रिय आयमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार ल्याउने लक्ष्य राखी दिगो पर्यटनको अवधारणालाई नीतिगत रूपमै आत्मसात गरिनु पर्दछ। पर्यटन उद्योगबाट प्राप्त हुने प्रतिफलको अन्तिम प्राप्तकर्ता स्वयं जनता नै हुने हुँदा जनस्तरबाट पर्यटन क्षेत्रको व्यवस्थापनमा अहम भूमिका रहन्छ। पर्यटन व्यवसायबाट प्रत्यक्ष लाभ पाउने निजी क्षेत्र, व्यवसायीहरूले पनि आफ्नो विशिष्ट भूमिका निर्वाह गर्नुपर्छ। सरकारी तहबाट पनि समयसापेक्ष पर्यटनमैत्री नीति, नियम र कानुनको निर्माण गरी सोको उचित कार्यान्वयन, अनुगमन र मूल्यांकन गर्नुपर्छ। *(मधेश दर्पण फिचर सेवा)*

# राजपाले जहिले चाहे एकीकरण हुन सक्छ : उपेन्द्र यादव



**राजविराज**/समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले राजपाले जहिले चाहे एकीकरण हुन सक्ने संकेत दिएका दिएका छन् ।

संगठन बिस्तार तथा सुदृढिकरण (बिसु) अभियान तथा अभिमूखीकरण कार्यक्रमको मंगलबार राजविराजमा उद्घाटन गर्दै उनले सो संकेत दिँदै परिवर्तनकारी शक्तिको रुपमा अगाडी बढ्न समाजवादी र राजपाबीच एकीकरण बाहेक विकल्प समेत नरहेको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व उपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले राजपाको माँग अनुसार समाजवादी पार्टी अहिले सरकार बाहिर रहेको तर सरकार बाहिर भएपछि राजपाले बोलचाल नै बन्द गरेकोप्रति आश्चर्य व्यक्त गरे ।

अध्यक्ष यादवले प्रदेश नं. २ मा पनि आफ्नो सरकार बनाउन राजपालाई कम्युनिष्टहरुले जालझेलमा पार्न खोजिरहेको आरोप लगाउँदै राजपालाई सो जालझेलमा नपर्न सुझाव समेत दिए । उनले प्रदेश २ सरकार कुनै पनि हालतमा परिवर्तन नहुने समेत बताए ।

एक अर्को प्रसङ्गमा उनले संसदबाट संविधान संशोधन नभए जनबिद्रोह गर्ने चेतावनी समेत दिए । उनले मुलुकको आधा जनसंख्याका लागि संविधान अहिले पनि अधुरो रहेकोमा यसलाई अविलम्ब संशोधन गर्नु पर्ने माँग राखे । उनले भने, “संसदबाट संविधान संशोधन वा पूर्नलेखन गरे मात्र वर्तमान संविधान साझा बन्न सक्छ ।” मधेश आन्दोलनकै उपलब्धीका कारण अहिले हिमाल र पहाडका उत्पीडित समुदायले थोरै भएपनि आरक्षणको नाममा राज्यको हरेक अंगमा समावेशीता पाएको उनले जिकिर गरे ।

सो कार्यक्रममा पार्टीका उपाध्यक्ष रेणु यादवले प्रदेश २ को सरकार नढल्ने बताउँदै मधेशी जनताको चाहना अनुसार समाजवादी र राजपाको सरकार प्रदेश २ मा बनेको स्मरण गराए । यदी कुनै पार्टीले सरकार ढाल्ने चलखेल गरे सो पार्टी जनताबाट आफै् बहिष्कृत हुने उनको दाबी छ ।

सो कार्यक्रममा बिसु अभियान सप्तरीका संयोजक समेत रहेका प्रदेश २ का भूमी व्यवस्या तथा कृषि सहकारी मन्त्री शैलेन्द्र प्रसाद साहले संगठनलाई अझ बलियो बनाउन तीन महिने अभियान सुरु भएको जिकिर गर्दै यस अभियान अन्तरगत प्रदेश २ मा एक लाख सदस्य थप्ने लक्ष्य लिएको जानकारी दिए ।

पर्टीका जिल्ला अध्यक्ष केदार प्रसाद यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा तराई मधेश प्रदेशका सदस्य अमृत साफी, किरण कुमारी साह, संघिय परिषद सदस्य लक्ष्मी चौधरी, राजबिराज नगर समिति अध्यक्ष भिमराज यादब, तराई मधेश प्रदेश सचिव दिनेश यादब, पार्टी केन्द्रीय सदस्य अशोक कुमार यादबले अभियानको सफलताको कामना गरेका थिए ।

# ६ करोड ३० लाखको लागतमा छिन्नमस्ताको सौन्दर्यीकरण हुदै

**राजविराज**/सप्तरीको छिन्नमस्ता भगवती मन्दिरलाई १५ महिनाभित्र सौन्दर्यीकरण गरिने भएको छ ।

प्रदेश २ मुख्यमन्त्री स्वच्छता अभियान अन्तरगत मन्दिरलाई सो अवधी भित्र सौन्दर्यीकरण गरिने भएको हो ।

अभियान अन्तर्गत बुधबार समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र मुख्यमन्त्री लालबाबु राउतले संयुक्त रुपमा मन्दिरमा सिलान्यास समेत गरे ।

मुलुककै प्रशिद्ध छिन्नमस्ता मन्दिरमा प्रदेश सरकारले सौन्दर्यीकरणका लागि कुल ६ करोड ३० लाखको रकम बिनियोजन गरेको छ । जसमा मन्दिर प्राङ्गणमा रहेको पोखरीको सौन्दर्यीकरण, मन्दिरभित्र धर्मशाला तथा शौचालय निर्माण तथा विजुलीबत्तीको व्यवस्था गरिने भएको छ ।

सौन्दर्यीकरणका लागि प्रदेश सरकारले अभियान अन्तरगत ८ वटै जिल्लामा एक/एक वटा कार्यका लागि बजेट छुट्टयाएको जनाइएको छ ।


## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं । आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं ।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ । यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ । आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ । साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं ।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**


# फागुन १ गतेदेखी दादुरा रूवेला खोप अभियान संचालन हुँदै

**राजबिराज**/सरकारले सन् २०२३ सम्म दादुरा रूवेला रोग उन्मुलन गर्ने लक्ष्य लिए अनुरुप आउँदो फागुन १ गतेदेखी अभियान संचालन गर्दै छ ।

राष्ट्रिय खोप अभियानको रुपमा संचालन हुने अभियानमा ९ महिना देखि ५ बर्ष मुनिका बालवालीकाहरूलाई खोप लगाइने छ ।

जिल्ला खोप समन्वय समिति, स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले आउँदो फाल्गुन १ गते देखि ३० गते सम्म जिल्लाको सबै स्थानिय तहमा तीन चरणमा खोप अभियान कार्यक्रम संचालन हुने जानकारी दिएका छन् ।

कुनै पनि बच्चा खोप खुवाउनबाट बञ्चित नभएको वा छुटेको भनी वडा, पालिका, तथा जिल्ला खोप समन्वय समितिवाट प्रमाणित गरिदिएपछि शतप्रतिशत खोप खुवाएको बुझिने प्रमुख यादबले जिकिर गरे ।

जिल्लाको विभिन्न वडा र पालीकावाट गरिने तीन चरणको अभियानका लागि ५३ लाख ८७ हजार १ सय ६० रूपैयाँ बिनियोजना गरिएको कार्यालय प्रमुख यादवको भनाई छ ।

सोही कार्यक्रममा डब्लुएचओका डा. श्रीराम साहले राष्ट्रिय खोप कार्यक्रम अनुसार देशभरीमा ७८ प्रतिशत बालबालिकाले खोप प्राप्त गरेका छन भने २१ प्रतिशतले आंशिक खोप तथा एक प्रतिशत वालवालिका खोपबाट वञ्चित रहेको बताए । उनले प्रदेश २ मा पनि ७३ प्रतिशत वालवालिका खोप लगाएको तथा २७ प्रतिशत बालवालिका खोपवाट बञ्चित रहेको जानकारी दिए ।


## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी



## शीतलहरका बेला निम्न सावधानीहरु अपनाऔं ।

- चिसोबाट बच्न खुट्टादेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर दोहोर हुने ब्यवस्था मिलाऔं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थ प्रशस्त मात्रामा सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती ध्यार ध्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गरौं । छर छिमेकमा कोही विरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथासक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।
- सुत्ने कोठामा आगो, कोइला बालेपछि झ्याल ढोका बन्द गरेर नसुतौं । त्यसो गरेमा श्वास फेर्न नसकी निस्सासिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई नछाडौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं । घुर बालेर निगरानी गर्ने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।

अनुरोधकर्ता

बलान विहुल गाउँपालिका, सप्तरी

# फुटबल प्रतियोगितामा झुम्का बिजयी



**राजविराज**/सप्तरीको खडक नगरपालिका ११ डंगराहीस्थित खेलमैदानमा शुरु भएको दशौं पचशिल्ड फुटबल प्रतियोगितामा रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरीले बिजयी शुरुवात गरेको छ ।

प्रतियोगिताको शनिवार सम्पन्न उद्घाटन खेलमा गाईघाट स्पोर्टस क्लब गाईघाट उदयपुरलाई टाईब्रेकरमा तीनका बिरुद्ध चार गोल अन्तरले पराजित गर्दै झुम्का बिजयी भएको हो । प्रतिष्पर्धात्मक खेलमा दुबै टीमले एक एक गोलको बराबरी खेलेपछि खेलको निर्णय टाईब्रेकरबाट लिएको थियो ।

बजरंग युवा क्लब डंगराहीको आयोजनामा शुरु भएको प्रतियोगिता अन्तर्गत आईतवारको खेल गोलबजार फुटबल क्लब गोलबजार सिरहा र मोतिगाडा फुटबल क्लब मोतिगाडा उदयपुरबीच हुने आयोजकले जनाएको छ । आयोजक क्लबका अध्यक्ष सुनिलकुमार चौधरीको अध्यक्षतामा आयोजित प्रतियोगिताको एक कार्यक्रमका बीच प्रदेशसभा सदस्य गोबिन्द न्यौपानेले उद्घाटन गरे ।

कार्यक्रममा खडक नगरपालिका वडा नम्बर ११ का वडाअध्यक्ष राजेन्द्र प्रसाद चौधरी, पुर्व गाविस अध्यक्ष सत्रुधन प्रसाद साह लगायतले बोलेका थिए ।

सप्तरी, सिरहा, उदयपुर र सुनसरीका बिभिन्न ८ क्लबको सहभागिता रहेको सो प्रतियोगिताको फाइनल फागुन ५ गते हुने आयोजकले जनाएको छ ।

प्रतियोगिताका बिजेताले नगद रु. ३५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. २५ हजार पाउने आयोजकले जनाएको छ । प्रतियोगिताका उत्कृष्ट गोलकिपर, उत्कृष्ट खेलाडीलाई समेत पुरस्कृत गरिने जनाएको छ ।

# गैरकानुनी रुपमा विद्यालय व्यवस्थापन समिती गठन : राजनीतिक दल



**सिरहा**/सिरहाको सुखिपुर नगरपालिका ४ कविलासीमा रहेको जनता चेथरु जीतन मा. वि.को विद्यालय व्यवस्थापन समिति गैरकानुनी रुपमा गठन गरिएको छ ।

राजनीतिक दल र अभिभावकहरुले संघिय शिक्षा ऐन तथा नियमावलि विपरीत नगर शिक्षा ऐन बमोजिम गैर कानुनी ढंगबाट विद्यालय व्यवस्थापन समिति गठन गरेको आरोप लगाएका हुन् ।

बि.स.२०१६ सालमा स्थापना भएको विद्यालय जिल्लाकै एक पुरानो विद्यालयको रुपमा चिनिन्छ । नेपालको संविधान २०७२ मा उल्लेख भए बमोजिम संघिय ऐनको अधिनमा रहि प्रदेश सरकारले र प्रदेश ऐनको अधिनमा रहि स्थानीय सरकारले नियमावलि निर्माण गनुपर्ने हुन्छ । जबकी प्रदेश २ सरकारले हालसम्म कुनै शिक्षा ऐन तथा नियमाबली निर्माण गरेको छैन ।

विद्यालयका प्र.अ. सोनफि यादवले स्थानीय शिक्षा ऐन बमोजिम विद्यालय व्यवस्थापन समीती गठन गरको दावि गरेका छन् । यस्ता गठित समिति माथि चित नबुझेको राजनीतिक दल र अभिभाकहरुलाई अब पनि चित बुझ्दो खाले समिति गठन गर्न सक्ने प्र.अ. यादवले बताए ।

नव गठित समितिको बारेमा बुझ्न खोजदा बैठक रजिस्टर विधालयमा नभएको र सो रजिस्टर प्र.अ. यादवले नै लगेको विद्यालयका निमित प्र.अ.राम कृपाल ठाकुले बताए । ठाकुरले थपदै भने म शिक्षा तर्फको पढाई हेरने गर्दछु प्रशासनिक कार्य प्र.अ. आफै हेर्ने गर्दछ ।

गठन गरिएको विद्यालय व्यवस्थापन समिति राजतन्त्र कालमा हुने गरेको कानुन हुबहु हो । राजाको शैलिमा अध्यक्ष पदमा टिका लगाउने प्रवधान ल्याएको प्रति स्थानिय अभिभावकहरु, राजनीतिकर्मी, भद्र भलादमीहरुको आपति रहेको छ। यसरी गैरकानुनी तरिकाबाट गठन गरिएको विधालय व्यवस्थापन समिति विघटन गरी संघिय शिक्षा ऐन अनुसार समीती गठन गर्न आयोजक समीतीले जोडदार माग गरेका छन् ।

विगत डेढ वर्षदेखि समीती विहिन रहेका विधालयमा समिति गठन भएको दिन नगर प्रहरी, शस्त्र प्रहरी समेत बोलाइ समीती गठन गर्न दबाब सिर्जना गर्ने र प्र. अ.ले ३ जनाको नाम स्थानिय तहमा पठाइ एक जना छान्ने जस्ता प्रक्रिया अपनाइएको आरोप समाजवादि पार्टीका केन्द्रिय सदस्य हरी नारायण कामतिले लगाएका छन् ।

गठन गरिएको समीतीलाई ८० प्रतिशत भन्दा बढि अभिभावकहरुले मान्यता नदिएको र वडा ४ का वडा अध्यक्ष राम लोभित यादवले पनि प्र.अ. यादवकै संरक्षण गरेको नेपालि कांग्रेसका महासमीती सदस्य राजकुमार पासवानले वडा अध्यक्ष यादव माथि आक्रोस पोखेका थिए ।

यता भु.पु. विधालय व्यवस्थापन समितिका अध्यक्ष रामवालक यादवले पनि वर्षौ देखि विधालयमा हर हिसाव नभएको, प्र.अ. यादव नियमित विद्यालय नआएको, छात्रवृति रकम, प्लस टु को रकममा हिनामिना, कम्प्यूटर, प्रिन्टर जस्ता उपकरणमा मनमानी गरेको आरोप समेत लगाएका छन् ।

प्र.अ. यादव माथि विद्यालयका प्रा.वि. तहका शिक्षा संजय कुमार यादवको २०७४।७५ को पहिलो चौमासिक तलब नपाएको शिक्षकले यादवले गुनासो पोखेका छन् ।

संघर्ष समीती सुखीपुर नगरपालिका ४ कविलासीद्वारा आयोजित पत्रकार सम्मेलन मार्फत विद्यालयमा शान्तिपूर्ण धारणा लगायत बिभिन्न किसिमका चरनबद्ध आन्दोलनका कार्यक्रम सार्वजानिक गरिएको हस्ताक्षरित विज्ञप्तिमा उल्लेख गर्दै संघर्ष समितिका एक सदस्य तथा राजपाका नेता राम रिझन यादवले बताउनुभएको छ ।

नव गठित विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा श्याम कुमार यादव चयन भएका छन् ।

# प्रमुखलाई हातापात गर्नेहरु पक्राउ परेपछि स्थानिय तहको कार्यालय खुल्यो

**राजविराज**/सप्तरीको डाँक्नेश्वरी नगरपालिकाका प्रमुख शिवनारायण साहमाथि दुर्व्यवहार गर्ने तीन जनालाई प्रहरीले पक्राउ गरेपछि जिल्लाको १८ वटै स्थानिय तहको कामकाज शुक्रवारदेखि सुचारु भएको छ ।

नगरप्रमुख साहमाथि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले डाँक्नेश्वरी नगरपालिका ५ का अमरेन्द्र यादव, अर्जुन यादव, डाँक्नेश्वरी नगरपालिका ३ का राजिव कुमार रायलाई पक्राउ गरेपछि सम्पूर्ण स्थानिय तहको कामकाज सुचारु भएको हो ।

नगरप्रमुख साहमाथि हातपात र दुर्व्यवहार गर्नेहरुमाथि कार्वाही नभएको भन्दै बिहीवारदेखी सम्पूर्ण स्थानिय तह अनिश्चितकालसम्म कामकाज ठप्प पार्ने चेतावनी दिएको थियो ।

प्रमुख साहमाथि प्रहरीले कानुनी प्रक्रिया शुरु गरेकाले स्थानीय तहहरुको कामकाज सुचारु गरिएको जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादवले जानकारी दिएका छन् ।

डाँक्नेश्वरी नगरपालिका ५ पातोस्थित माध्यमिक विद्यालयमा आयोजना गरिएको कार्यक्रममा सहभागी हुन जाने क्रममा बाटोमै मंगलबार युवाहरुको समूहले प्रमुख साहसहित कर्मचारी सबारी गाडीलाई रोकेर हातपात तथा दुर्व्यवहार गरेका थिए ।

## अन्तर्राष्ट्रिय समाचार

# कोरोना भाइरसका कारण ७ सय २२ को मृत्यु

**बेइजिङ**/चीनबाट शुरु भई विश्वका विभिन्न देशमा फैलिएको कोरोना भाइरसका कारण मृत्यु हुनेको सङ्ख्या शनिबारसम्म ७२२ पुगेको छ ।

मृत्यु हुनेमध्ये दुईजना विदेशी पनि रहेको चिनियाँ अधिकारीहरुले जानकारी दिएका छन् । उनीहरुले ६० वर्षीय एक अमेरिकी नागरिकको उहानमा बिहीबार मृत्यु भएको जानकारी दिए पनि अन्य विवरण भने दिएका छैनन् ।

त्यसैगरी अर्का एकजना ६० वर्षीय नै जापानीको पनि कोरोना भाइरसकै कारण उहानमै मृत्यु भएको छ । जापानको विदेश मन्त्रालयले घटनाको पुष्टि गरेको समाचारमा जनाइएको छ ।

सरकारी अधिकारीहरुका अनुसार थप झण्डै तीन हजार पाँच सय जनामा यस भाइरसको सङ्क्रमण देखिएको छ ।

कोरोनाका कारण चीनबाहिर भने अहिलेसम्म हङकङ र फिलिपिन्समा दुई व्यक्तिको मृत्यु भएको छ । उनीहरु दुवै जना चिनियाँ नागरिक नै हुन् ।

डिसेम्बरको अन्त्यमा चिनियाँ बजार उहानमा पहिलोपटक देखापरेको नयाँ कोरोना भाइरसको सङ्क्रमण विश्वभर फैलिएको छ ।

विश्वका झण्डै ३० देशमा यो भाइरसबाट ग्रसित व्यक्ति फैलिएको छ भने तीन देशमा कूल ३२० जना कोरोना भाइरसबाट सङ्क्रमित भएका छन् ।

कोरोना भाइरसबाट अतिप्रभावित क्षेत्र मानिने उहानमा सरकारले शुक्रबार ११ हजार स्वास्थ्यकर्मी थप गरेको छ । देशका अति राम्रा मानिएका आइसियु स्टाफसहितका स्वास्थ्यकर्मीको टोली उहानमा पठाइएको अधिकारीहरुले जानकारी दिएका छन् ।

उनीहरुमध्ये तीन हजारजना सघन उपचारकक्षमा काम गर्ने चिकित्सक र नर्स रहेको चीनको राष्ट्रिय स्वास्थ्य आयोगका गुओ यानहोडले शुक्रबार बताउनुभयो । अहिले भइरहेका स्वास्थ्यकर्मीले लामो समयसम्म काम गर्दा उनीहरुलाई शारीरिक तथा मानसिक थकान हुने उहाँको भनाइ छ । एजेन्सी

# कजाकस्तान भिडन्तमा आठजनाको मृत्यु

**कजाकस्तान**/मध्य एसियाई मुलुक कजाकस्तानको दक्षिणको एक गाउँमा शुक्रबार भएको भिडन्तमा आठजनाको मृत्यु हुनाका साथै एक दर्जन घाइते भएका छन् ।

कजाकस्तानका गृहमन्त्री यार्लान टुर्गुमबायेभले प्रहरी र सेनाको हस्तक्षेपका कारण स्थिति नियन्त्रणमा आइसकेको बताउनुभयो । उक्त भिडन्त स्थानीय गाउँलेबीच भएको थियो ।

उक्त द्वन्द्व मुख्य रुपमा कजाख समुदाय र अल्पसङ्ख्यक डुन्गानबीच भएको थियो । स्थानीय युवा हातहातमा लाठी र अरू घरेलु हतियार लिएर एकअर्काविरुद्ध उत्रिएको सामाजिक सञ्जालमा तस्बिरहरु राखिएका छन् । उक्त घटना हुनुको मुख्य कारणबारे भने स्पष्ट हुन सकेको छैन । कजाकस्तानमा एक सयभन्दा बढी जातजाति रहेका छन् । एजेन्सी

# अफगानिस्तानमा सैनिक कारवाहीमा १८ लडाकूको मृत्यु

**अफगानिस्तान**/अफगानिस्तानको पूर्वी लघमान प्रान्तमा दुई साताको अवधिमा सेनाको कारवाहीमा एकजना तालिबानी कमान्डरसहित कम्तीमा १८ तालिबानी लडाकूको मृत्यु भएको छ ।

सेनाद्वारा जारी विज्ञप्तिमा तालिबानका स्थानीय कमान्डर मुल्लाह ब्रादारको मृत्यु भएको उल्लेख छ । कारवाहीका क्रममा अलिसिङ जिल्लाका तालिबानका छाया गभर्नर क्वारी मेराजुद्दिन समेतका अरू दर्जनौं लडाकू घाइते भएका छन् । उक्त सैनिक कारवाहीमा लडाकू विमानको पनि प्रयोग गरिएको सेनाले जनाएको छ ।

दर्जनौं गाउँ तालिबानीको कब्जाबाट मुक्त गर्न सफल उक्त सैन्य कारवाहीका क्रममा चारजना सैनिक पनि घाइते भएको सेनाले जनाएको छ । उक्त कारवाही र क्षतिका बारेमा तालिबान समूहले केही बताएको छैन । एजेन्सी

# राजबिराजमा बेटी पढाउ, बेटी बचाउ अभियान अन्तरगत बिमा शिविर सम्पन्न



**राजविराज**/मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत प्रदेश सरकारले छोरीहरुका लागि गरेको तीन लाखको शिक्षा बीमा कार्यक्रम शिविर राजबिराजमा सम्पन्न भएको छ।

छोरी शिक्षा बिमा र मुद्दति बचत शुभारम्भ कार्यक्रम अन्तर्गत माघ २३ गते २५ गते सम्म शिविर सम्पन्न गरेको हो।

राजबिराज नगरपालिका १६ वटै वडाको तीन स्थानमा गरिएको शिविरमा ३ सय ३८ छोरीहरुको शिक्षा बिमा गरिएको राजबिराज नगरपालिका शाखा अधिकृत प्रफुल्ल श्रेष्ठले जानकारी दिएका छन।

प्रदेश मन्त्रिपरिषद्को गत हप्ता बसेको बैठकले बीमाका लागि दिने गरिएको रकम तीन लाख रुपैयाँ पुर्‍याउने निर्णय गरेको थियो।

नपढाउने र उमेर नपुगी बिहे गरिदिने चलनलाई फेर्न छोरीले परिवारबाट २० वर्षसम्म शिक्षा आर्जनको सुविधा पाएको खुलेपछि मात्रै बीमाको रकम भुक्तानी पाउनेछन्।

छोरीका लागि बीमा योजनाको रकम बढाइएको घोषणा गर्दै मुख्यमन्त्री लालबाबु राउतले २० लाख पुर्‍याउने लक्ष्य रहेको राजबिराज नगरपालीका प्रमुख शम्भु प्रसाद यादबले बताए।

प्रदेश सरकारले २०७५ माघ १ गतेदेखी जन्मिएका छोरीहरूको बीमा गर्दै आएको छ। बीमाका लागि गत वर्ष संघीय सरकारले ५० करोड रुपैयाँ दिएको थियो।

## श्रीमान् श्रीमती पक्राउ

**राजविराज**/बहुविवाह मुद्दामा फरार श्रीमान् श्रीमतीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा २५ वर्षिय शत्रुहन साह र उनकी कान्छी श्रीमती २० वर्षिया सजनी कुमारी साह रहेका छन्।

साबिकको जमुनी मधेपुरा गाबिस वडा नं. ९ हाल रुपनी गाउँपाकिला वडा नं. ४ बस्ने ३० वर्षिया शत्रुहनका जेठी पत्नी प्रमिला कुमारी शाहको जाहेरीको आधारमा प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

पक्राउ दुबैलाई जिल्ला अदालतमा म्याद थप गरि अनुसन्धान अगाडी बढाएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

***मजदुर संगठनमा...***

संगठनका कानुनी सल्लाहकार दुर्गान्द चौधरीले जानकारी दिए।

बन्दसत्रमा केन्द्रिय समितीका पदाधीकारीहरुको उपस्थितीमा भएको छलफल सहमतीमा पुगेपछि यादव निर्विरोध निर्वाचित भएका हुन्।


## राजविराज नगरपालिका
### ६ नं. वडा कार्यालय
### राजविराज, सप्तरी

**सूचना सूचना सूचना**

*मिति : २०७६/१०/२१*

उपरोक्त सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सडक विभाग योजना कार्यालय ईटहरी सुनसरीको आ.ब. २०७६/७७ को च.नं. ३२९ को पत्र प्राप्त अनुसार यस राजविराज नगरपालिका अन्तरगत पुरानो वारुणयन्त्र कार्यालयदेखी दक्षिण पश्चिम विष्णुपुर गाउँपालिकासम्मको बाटो निर्माण कार्य भएको हुँदा सो सडक १८ (अठार) मिटर मापदण्डमा पर्ने घर, टहरा, वाल तथा सो कार्यमा अवरोध पार्ने कुनै किसिमको स्थायी संरचनालाई मिति २०७६/१०/२१ गतेदेखी मिति २०७६/१०/२८ गते सम्ममा हटाई निर्माण कार्यमा सक्दो सहयोग गरिदिनुहुन जानकारी साथ व्यहोरा अनुरोध छ।

**प्रेम कुमार यादव**
**वडा अध्यक्ष**
**रा.वि.न.पा. वडा नं. ६**



नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT



एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस्।

राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७



## दादुरा रुवेला खोप अभियान

**दादुरा रुवेला खोप लगाऔं। आ-आफ्नो बालबालिकाहरुलाई दादुरा रुबेला रोगबाट बचाऔं।**

यही फाल्गुन १ गतेदेखि नगरपालिका/गाउँपालिकाको सबै वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुदैछ। यस अभियानमा **९ महिना देखि ५ वर्ष मुनिका** सम्पूर्ण बालबालिकालाई दादुरा रुवेला रोग विरुद्धको खोप लगाइन्छ। आ-आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा रुवेला खोप लगाउन हुन अनुरोध छ। साथै जन्मदेखि **५ वर्ष मुनिका** बालबालिकाहरुलाई पोलियो थोपा समेत खुवाऔं।

**दादुरा रुवेला खोप अभियान संचालन हुने चरण र मिति**

**पहिलो चरण**

**(२०७६ फाल्गुन १ गतेदेखि २०७६ फाल्गुन ९ गतेसम्म)**
राजविराज नगरपालिका, कञ्चनरुप नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, महादेवा गाउँपालिका, सप्तकोशी नगरपालिका, तिरहुत गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिका

**दोश्रो चरण**

**(२०७६ फाल्गुन ११ गतेदेखि २०७६ फाल्गुन १९ गतेसम्म)**
डाक्नेश्वरी नगरपालिका, राजगढ गाउँपालिका, छिन्नमस्ता गाउँपालिका र विष्णुपुर गाउँपालिकामा

**तेश्रो चरण**

**(२०७६ फाल्गुन २१ गतेदेखि २०७६ फाल्गुन २९ गतेसम्म)**
बोदेवर्साइन नगरपालिका, खडक नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका, अग्निसाईर कृष्णासवरण गाउँपालिका, बलान विहुल गाउँपालिका र रुपनी गाउँपालिका

**जिल्ला खोप समन्वय समिति**
**स्वास्थ्य कार्यालय, सप्तरी**



**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ।**




***नोट*** :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ। २४ औं घण्टा काउण्टर खुला रहनेछ।



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु → ipay remit, CITY EXPRESS MONEY TRANSFER, Best Remit Quick & Easy, PRABHU Money Transfer (प्रभुको इच्छा, रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम), IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*